# युवा तथा खेलकुद मन्त्रालयको

# प्रेस विज्ञप्ति

नेपालमा अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय रङ्शाला आगामी ३ वर्षभित्र निर्माण गर्नका लागि जग्गा पहिचान तथा प्राप्तिका विषयमा छलफल गर्ने मिति 2075/02/11 गते शुक्रबार माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्वकर्मा) ज्यूको अध्यक्षतामा भक्तपुर जिल्लाका प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयका सचिव, उपत्यका विकास प्राधीकरणका प्रमुख आयुक्त, राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव, चाँगुनारायण र सूर्यबिनायक नगरपालिकाका प्रमुख र युवा तथा खेलकुद मन्त्रालयका मन्त्रालयका अधिकारीहरूको उपस्थितिमा मन्त्रालयमा बैठक बसी छलफल भयो।उक्त बैठकमा नेपालमा अन्तर्राष्ट्रिय स्तरको सेवा सुविधा सम्पन्न बहुद्देश्यीय राष्ट्रिय रंगशाला निर्माणका लागि भक्तपुर जिल्लास्थित चाँगुनारायण नगरपालिकाको वडा नं. 8 र 9 तथा सूर्य विनायक नगरपालिकाको वडा नं. 9 र 10 अन्तर्गतको न्यूनतम् एक हजार रोपनी जग्गा उपलब्ध गराउन नगरपालिकाहरू तयार भएको जानकारी सम्बद्ध नगर प्रमुखहरूबाट गराइयो। उक्त स्थानमा आवश्यक जग्गा पहिचान गरी जग्गा प्राप्तिको प्रक्रिया यथाशीघ्र अगाडि बढाउनका लागि युवा तथा खेलकुद मन्त्रालको सहसचिव श्री अणप्रसाद न्यौपानेको संयोजकत्वमा तपसिल अनुसारको 15 सदस्यीय कार्यदल, गठन गरियो ।कार्यदललाई मिति 2075 जेष्ठ मसान्तभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी तोकिएको छ।उक्त कार्यदललाई आवश्यक सल्लाह र सहजीकरणका लागि संघीय संसद, प्रतिनिधि सभाका माननीय सांसद महेश बस्नेतज्यूको संयोजकत्वमा भक्तपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीय प्रदेश सांसद, काठमाडौ उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त, राष्ट्रिय खेलकुद परिषद सदस्य सचिव, भक्तपुर जिल्ला समन्वय समितिका प्रमुख, सूर्य विनायक र चाँगुनारायण नगर प्रमुख एवं जिल्ला प्रशासन कार्यलय, भक्तपुरको प्रतिनिधि सम्मिलित तपसिल अनुसारको सात सदस्यीय सल्लाहकार समिति समेत गठन गरियो।छलफलमा माननीय युवा तथा खेलकुद मन्त्रीज्यूले नेपालमा अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय रङ्शाला निर्माण राष्ट्रिय आवश्यकता र गौरबको विषय भएको हुनाले यसलाई सफल बनाउन सबै सरोकारवालाको सहयोग आवश्यक रहेको बताउनु भयो । साथै उहाँले आवश्यक पर्ने क्षेत्रफलको जग्गा उपलब्ध गराउन प्रतिबद्ध दुवै नगरपालिकाका प्रमुखलाई धन्यवाद ज्ञापन गर्दै नेपाल सरकारले रङ्शाला निर्माणमा वित्तीय स्रोतको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**<u>तपसिलः</u>**

**<u>कार्यदलः</u>**

1 संयोजक- सहचिव श्री अणप्रसाद न्यौपाने, योजना तथा खेलकुद विकास महाशाखा, युवा तथा खेलकुद मन्त्रालय

2 सह संयोजक- सहसचिव श्री नवराज प्याकुरेल, नायव विकास आयुक्त काठमाडौ उपत्यका विकास प्राधिकारण

3 सदस्य- जिल्ला समन्वय समिति सदस्य श्री गीता देउजा, जिल्ला समन्वय समिति भक्तपुर

4 सदस्य- उपसचिव, शहरी विकास मन्त्रालय

5 सदस्य- उपसचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

6 सदस्य -प्रशासन प्रमुख श्री वासुदेव आचार्य, राष्ट्रिय खेलकुद परिषद

7 सदस्य- प्रमुख मालपोत अधिकृत, मालपोत कार्यलय, भक्तपुर

8 सदस्य- प्रमुख, जिल्ला नापी कार्यालय, भक्तपुर

9 सदस्य- प्रमुख कार्यकारी अधिकृत श्री पुण्य प्रसाद लुईटेल, चाँगुनारायण नगरपालिका, भक्तपुर

10 सदस्य- प्रमुख कार्यकारी अधिकृत श्री चिरन्जिवी तिम्सिना, सूर्यविनायक नगरपालिका, भक्तपुर

11 सदस्य- वडा अध्यक्ष श्री उपेन्द्र के सी, सूर्य विनायक न.पा. वडा नं. 9

12 सदस्य- वडा अध्यक्ष श्री शिवराम राउत, सूर्य विनायक न.पा. वडा नं. 10

13 सदस्य- वडा अध्यक्ष श्री परासर सापकोटा, चाँगुनारायण न.पा. वडा नं. 8

14 सदस्य- वडा अध्यक्ष श्री गणेश त्यात्त, चाँगुनारायण न.पा. वडा नं. 9

15 सदस्य- सचिव उपसचिव श्री लक्ष्मी प्रसाद भट्टराई, युवा तथा खेलकुद मन्त्रालय

**सल्लाहकार समिति**

1 संयोजक- माननीय महेश वस्नेत साँसद,प्रतिनिधि सभा -संघीय संसद(भक्तपुर निर्वाचन क्षेत्र नं. 2)

2 सदस्य- माननीय प्रदेश सांसद श्री शशीजंग थापा प्रदेश नं 3

3.सदस्य-श्री भाइकाजी तिवारी- प्रमुख विकास आयुक्त, काठमाडौ उपत्यका विकास प्राधिकरण

4.सदस्य-श्री केशव कुमार विष्ट-सदस्य-सचिव, राष्ट्रिय खेलकुद परिषद्

5. सदस्य- प्रमुख श्री नवराज गेलाल जिल्ला समन्वय समिति, भक्तपुर

6.सदस्य-श्री सोम प्रसाद मिश्र- प्रमुख, चाँगु नारायण नगरपालिका, भक्तपुर

7. सदस्य-श्री वासुदेव थापा- प्रमुख, सूर्यविनायक नगरपालिका, भक्तपुर

8. सदस्य- अधिकृत प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, भक्तपुर

महेन्द्र पौड्याल

सहायक प्रवक्ता (उपसचिव)

२०७५/२/१३